उत्सवको अर्थ
www.madhyanhadaily.com

# संसद्‌मा सधैं टकराव





तुलबहादुर मगर

> दृष्यमा सदनका दुई नेतृत्वका बीचमा टकराव देखिए पनि सत्तारुढ र प्रमुख प्रतिपक्षी बीचको टकराव नै हो । जो प्रतिनिधिसभाको पछिल्लो कार्यकालभर संसदमा पुरै अवधि देखा पर्‍यो । टकरावको असर भने जनताले भोग्नु परेको छ । समयमै कानूनहरु बन्न नसक्ने, बन्न लागेका कानूनहरू पनि प्रक्रियामै रोकिने प्रवृति देखा परे ।

आइतवार राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमल्सिनाले सभामुख अग्नि प्रसाद सापकोटाको पदावधि र सभामुखको हैसियतमा सापकोटाले गरेका निर्णयहरुमाथि प्रश्न उठाउँदै संघीय संसद सचिवालयका महासचिवलाई पत्र लेखे । सभामुख सापकोटाले असोज ५ सभामुखको हैसियतमा गरेको निर्णय कार्यान्वयन नगराउन निर्देशन दिए ।

तिमिल्सिनाले यसअघि सभामुख र उपसभामुखको पदावधि खुलाउन निर्वाचन आयोगलाई पत्र लेखेका थिए । त्यसका बाबजुद असोज ५ गते सभामुख सापकोटाको अध्यक्षमा बसेको व्यबस्थापन समितिको बैठकले गत पुसदेखि संसद सचिवालयमा हाजिर भएर काम गरिरहेका उपसचिवहरु सुशीला आचार्य र नुमराज खनालको नाम अनुमोदन गरेको थियो । अध्ययनका लागि विदेश गएका सहसचिव झलक शर्मा सापकोटा, उपसचिव सिंहराज रुम्बा, अधिकृतहरु मेघराज अर्याल र भानु पोखरेलले अध्ययन बिदा पनि स्वीकृत गरेको थियो । साथसाथै, संसद सचिवालयका कार्यरत कर्मचारीको नियुक्ति तथा बढुवालाई समेत अनुमोदन गरेको थियो । यो निर्णयउपर प्रश्न उठाउँदै गर्दा राष्ट्रिय सभाका अध्यक्ष तिमल्सिनाले सभामुखको पद रिक्त रहेको आशय पत्रमा प्रकट गरेका छन् ।

यो सभामुख सापकोटा र राष्ट्रिय सभाका अध्यक्ष तिमल्सिनाबीचको पछिल्लो टकराव हो । यस्ता टकराव विगतमा पनि पटक-पटक देखा परेका थिए । संवैधानिक निकायका भएका नियुक्ति प्रकरणमा पनि सभामुख सापकोटा र अध्यक्ष तिमिल्सिना आमने-सामने भएका थिए ।

सभामुख सापकोटाले संवैधानिक परिषद्‌ले गरेको नियुक्तिको कागजात फिर्ता गरिदिएका थिए । संसदीय सुनुवाइका लागि भन्दै आएको सिफारिस सापकोटाले ४५ दिन पुग्न २ दिन बाँकी रहँदै फिर्ता गरिदिएपछि राष्ट्रिय सभाका अध्यक्ष तिमिल्सनाले बिरोध जनाएका थिए ।

सापकोटाले प्रतिनिधिसभा बिघटन भएको अवस्थामा संसदीय सुनुवाइ समिति स्वत: नरहेको भन्दै कागजात फिर्ता गरिदिएपछि राष्ट्रिय सभाका अध्यक्ष गणेश तिमिल्सिनाले पत्रकार सम्मेलन नै गरेर सभामुखले कागजात फिर्ता गर्न नमिल्ने तर्क गरेका थिए ।

यसले पनि देखाउँछ प्रतिनिधि सभाका सभामुख र राष्ट्रिय सभाका अध्यक्ष संसद सचिवालयमा आमने-सामने पटक-पटक भएका छन् । तत्कालिन प्रधानमन्त्रीबिरूद्ध केपी ओली बिरुद्धको अविश्वासको प्रस्ताव दर्ताको समयको विषयमा समेत सभामुख र राष्ट्रिय सभा अध्यक्ष आमने-सामने भएका थिए ।

५ पुस २०७७ मा तत्कालिन प्रधानमन्त्री ओलीविरूद्ध अविश्वासको प्रस्ताव दर्ता बिहान साढे १० बजे दर्ता भएको सूचना सभामुखको सचिवालयले बाहिर पठाएको थियो । नेकपाका सचेतक देव गुरूङले समेत बिहान साढे १० बजे नै प्रधानमन्त्रीबिरूद्ध अबिश्वासको प्रस्ताब दर्ता भएको बताएका थिए । तर राष्ट्रिय सभाका अध्यक्ष गणेश तिमिल्सिनाले संसद सचिवालयलाई त्यसको छानबिन गर्न निर्देशन दिएका थिए । संसद सचिवालयले अविश्वासको प्रस्ताब दर्ता भएको समय यकिन गर्न संसद सचिबालय परिसरको गेटमा जडान भएको सिसिटिभी फुटेज समेत हेरिएको थियो । संसद सचिवालयले अविश्वासको प्रस्ताव दर्ता भएको समयबारे तीन दिनपछि पुस ८ गते विज्ञप्ति जारी गर्दै स्पष्ट पारेको थियो ।

सभामुख सापकोटा र राष्ट्रिय सभाका अध्यक्ष यसअघि संघीय संसदको महासचिव नियुक्तिका बेलामा समेत आमने सामने भएका थिए ।

२०७६ को चैतमा गोपालनाथ योगीलाई कार्यवाहक महासचिव बनाएपछि तिमिल्सिनाले आफूसँग परामर्श नगरिएको भन्दै बिरोध जनाएका थिए । संसद सचिवालयका सचिव रहेका भरतराज गौतमलाई कार्यवाहक दिनुपर्ने पक्षमा त्यतिबेला तिमिल्सिना देखिएका थिए।दुईबीचको दूरी बढ्दा संघीय संसद सचिवालयको महासचिव नियुक्ति पेचिलो बनेको थियो । सभामुख सापकोटा र अध्यक्ष तिमिल्सिनाबीच सरकारी निवासको प्रयोगको विषयमा समेत मतभिन्नता छ ।

पूर्वसभामुख कृष्णबहादुर महरा हटेपछि खाली भएको भवनमा सरकारले राष्ट्रिय सभाका अध्यक्ष गणेश तिमिल्सिनालाई राखेको थियो । सभामुख बस्दै आएको उक्त निवास सापकोटालाई दिनुपर्ने मत उनी निकटको थियो । सरकारले तिमिल्सिना बालुवाटारको भवनमा सरेपछि सभामुखलाई लैनचौर स्थित उपराष्ट्रपतिले प्रयोग गर्ने गरेको भवन दिएको छ ।

सभामुख र राष्ट्रिय सभा अध्यक्षबीचको सम्बन्ध सौहार्द नहुनुको कारण यी दुई मात्रै होइनन्, दुवैका मातृ पार्टीहरुको झगडा हो । तिमिल्सिना प्रधानमन्त्री ओली निकट हुन् भने प्रचण्डको ओइबलमा सापकोटा सभामुख भएका हुन् । ओली र प्रचण्डबीच झगडा पर्दा दुईबीचको सम्बन्धमा पनि दरार आउने गरेको छ ।

सभामुख र राष्ट्रिय सभाका अध्यक्षबीचको टकराव एमाले सरकारमा हुँदा समेत प्रकट भएको थियो । यो टकराव न्यायलयसम्म पुगेको थियो । प्रतिनिधिसभा विघटन मुद्दामा निवेदक शेरबहादुर देउवा पक्षले सभामुख अग्निप्रसाद सापकोटालाई बिपक्षी बनाएको थियो । तर, आफैं विपक्षी रिटमा परमादेश जारी हुनुपर्ने मागमा सभामुख सापकोटाले समर्थन गरेका थिए । सोही अनुसारको लिखित जवाफ समेत अदालतमा पठाएका थिए । विपक्षी बनाइएका प्रधानमन्त्री र राष्ट्रपति कार्यालय भने रिट खारेज हुनुपर्ने पक्षमा वकालत गरे । बिपक्षीभित्र एक पक्ष सभामुख नै निवेदकको पक्षमा उभिएपछि सर्वोच्च अदालतमै सरकार र सभामुखबीचको टकराव खुलमखुला सार्वजनिक हुन पुगेको थियो । ओलीले दोस्रो पटक बिघटन गर्दा अदालतमा बिपक्षी बनाइँदा पनि अलग-अलग धारमा दुवै पक्ष हिँडेर संसदमा देखिएको टकराव अदालतमा छताछुल्ल पारिएको थियो ।

दोस्रो पटकको प्रतिनिधिसभा विघटन पछि पनि संसदमा टकराव कायमै रह्यो । सभामुखकै भूमिकामाथि प्रश्न उठाएर एमालेले ९ महिनासम्म प्रतिनिधिसभाको बैठकमा अवरोध गर्‍यो । प्रमुख प्रतिपक्षी दल नेकपा एमाले संघीय संसदको नवौं अधिवेशन प्रारम्भ भएको पहिलो दिन नै प्रतिनिधिसभा बैठकमा नाराबाजीमा उत्रियो । तर, सभामुख सापकोटाले पेलेरै अघि बढ्ने रणनीति अपनाए । एमालेले प्रतिनिधिसभा बैठकमा नाराबाजीसहित रोष्टम घेराउ गर्दा समेत सभामुखको साथ पाएपछि सरकारले विभिन्न अध्यादेशहरु पहिलो बैठकमै टेबल गरेको थियो । पछिका बैठकहरुमा बजेट लगायतका बिषयमाथि छलफल अवरोधकै बीचमा भयो । केही विधेयकहरु पनि अवरोधका बीच अगाडि बढाइए । तर २३ भदौ २०७८ देखि एमालेले संसदमा निरन्तर ९ महिनासम्म अवरोध गर्‍यो । हरेक दिन नारा लगायो- 'गैर सांसदलाई प्रवेश निषेध गर, सभामुखको व्यवहार मुर्दावाद ।'

एमालेले ९ महिनासम्म संसद अवरोध गर्नुको मुख्य कारण हो- एमाले पार्टी फुट्नु र त्यसमा सभामुख सहयोगी बनेको बुझाइ हुनु ।

पृष्ठभूमि केलाउँदा अहिलेको पाँचदलीय गठबन्धनको जग हल्लाउने, सरकार बनाउनका लागि सत्ता गठबन्धनलाई बहुमत पुर्‍याउन नदिने रणनीति अन्तर्गत एमालेले माधव नेपालसहितका १४ जना सांसदलाई कारबाही गरेर सोही बिषयलाई संसदमा प्रवेश गराएको थियो । केही सभामुखले दबाब महसुस गरेर माधव नेपालसहितका सांसद कारबाहीमा परेको सूचना टाँसिदिएको भए अहिले मुलुकको राजनीतिक कोर्स अर्कैतिर हुनसक्थ्यो । तर, सभामुखले एमालेसँग टकराव नै गरिरहे तर, एमालेको नीति अनुसार चलेनन् । यसका पछाडि उनलाई प्रचण्डको साथ र सुझाव निरन्तर रहिरह्यो ।

नेपालको ६ दशक लामो संसदीय इतिहासमा संसद अवरोध, तोडफोड र मारपिटका घट्नाहरुको रेकर्ड नै छ । २०४८ सालपछि निर्वाचित प्रतिनिधिसभाका कैयौ बैठकमा माइक फोड्ने, कुर्सी-टेबल भाँच्नेदेखि सभामुख, उपसभामुखमाथि नै जाइलाग्नेसम्मका घटना भए । २३ भदौ २०७८ यता कतिपय संसदको बैठकमा एमाले सांसदहरुले 'सभामुखलाई ताकेर माइकले हान्ने प्रयास' पनि गरे । रोष्ट्रममा उक्लिने प्रयास एमाले सांसदहरुले गरे । साथसाथै एमालेले विगतमा लगातार ५८ दिन संसद अवरुद्ध गरेको आफ्नै रेकर्ड तोडेर ९ महिना पुर्‍याएको छ । ९ महिने अवरोधको समयमा पनि संसदमा सभामुख र एमालेबीचको टकराब कायमै रह्यो । यसैको प्रमाणका रुपमा राष्ट्रिय सभाका अध्यक्षसँगको विवादको विषय सतहमा आएको हो । दृष्यमा सदनका दुई नेतृत्वका बीचमा टकराव देखिए पनि यो फेरि पनि सत्तारुढ र प्रमुख प्रतिपक्षी बीचको टकराब नै हो । जो प्रतिनिधिसभाको पछिल्लो कार्यकालभर संसदमा पुरै अवधि देखा पर्‍यो । टकरावको असर भने जनताले भोग्नु परेको छ । समयमै कानूनहरु बन्न नसक्ने, बन्न लागेका कानूनहरु पनि प्रक्रियामै रोकिने प्रवृति देखा परे ।









# फेरिंदै दशैं मनाउने शैली



सन्दिप वि.क

**सूचना प्रविधिको बढ्दो प्रयोगले शुभकामना दिने शैलीमा परिवर्तन आएको छ । भेटेर शुभकामना दिने पोष्टकार्ड दिने र पुष्पगुच्छा साटासाट गर्ने चलन हराउँदै गएको छ । पोष्टकार्डसहितका शुभकामना कार्ड पठाउने परम्परा इमेल इन्टरनेटसँगै विस्थापित भएको छ ।**

नेपालीहरुको महान पर्वका रुपमा रहेको दशैं पर्वलाई हर्ष, उल्लास तथा विजयी पर्वको रुपमा लिने गरिन्छ । दशैंलाई बडा दशैंका साथै अन्य नाम: दशहरा, विजया दशमी, नवरात्र आयुध-पूजाका नामले पनि चिन्ने गरिन्छ। राष्ट्रिय चाड समेत मनिने दशैं (नवरात्र) हिन्दु धर्मवलम्बीहरूले आश्विन महिनाको शुक्ल प्रतिपदाका दिनदेखि नवमी सम्म (नवरात्रभर) शक्तिको आराधना गरी दशौं दिन अर्थात दशमीका दिन आफूभन्दा ठूला मान्यजनहरूको हातबाट टीका-प्रसाद ग्रहण गरेर विशेषरूपमा पूर्णिमासम्म मनाउने गरिन्छ ।

आश्विन शुक्ल प्रतिपदा (घटस्थापना)मा जमरा राखी नवमीसम्म नवरात्र विधिले प्रत्येक दिन फरक देवीहरूको पूजा गरिन्छ । प्रतिपदा देखि क्रमश: शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघन्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्री, महागौरी, सिद्धिदात्री गरी नवदुर्गाको पूजा गर्दै सप्तशती (चण्डी) पाठ गरी नव दुर्गा र तृशक्ती महाकाली, महालक्ष्मी र महासरस्वोतिको विशेष पूजाआजा र आराधाना गर्ने गरिन्छ। विजया दशमीको दिन भगवतिले दानवी शक्तिमाथी र रामले रावणमाथी विजय हासिल गरेको उपलक्ष्य र खुसीयालीमा नवदुर्गा भवानीको प्रसाद स्वरुप रातो टिका र जमरा लगाउने चलन रहेको छ ।

आफ्ना नाता कुटुम्ब ठूला बडा र मान्यजनबाट टिका तथा जमरा लगाउने र आशीर्वाद प्राप्त गर्ने नयाँ नयाँ कपडाहरू लगाउने, आफ्नो क्षमता अनुसार मिठो खाना खाने-ख्वाउने, घर आँगन, बाटोघाटो, गाँउ बस्ती सफासुग्घर राख्ने जस्ता काम यस चाडमा विशेष उत्साहका साथ गर्ने गरिन्छ ।

यस्ता चाडपर्वहरुले हामीलाई एउटा छुट्टै आनन्दको अनुभूति दिलाउँछ । हर्ष, उल्लासका साथ आउने र मनाउँने चाडपर्वले बेग्लै रौनकता ल्याइदिन्छ । भिन्न खुसी र सुख प्रदान गर्दछ ।

बडादशैंमा मालसिरी वा मालश्री धुन बजाएर र गीत गाएर रमाइलो पनि गरिन्छ। देशविदेश वा टाढा टाढा भएका आफ्ना साथीभाइ, आफन्तजनसँग भेटघाट हुने वातावरण यसै समयमा सिर्जना हुन्छ। दशैंमा दक्षिणा, टिका, जमरा र पिङको मज्जालाई छुट्टै खास अर्थ र महत्वका रुपमा लिइन्छ ।



यसरी विशेष महत्व बोकेको बडा दशैं यस वर्ष पनि नेपालीहरुको घर आँगनमा भित्रि सकेको छ। यतिबेला दशैं तिहार मनाउन जिल्ला बाहिर तथा विदेशीएकाहरु आ-आफ्नो गाउँघर फर्की सकेका छन् भने कोही फर्कने तरखरमा छन्। विगतमा दशैं भन्नेबित्तिकै खानपिन, नयाँ लुगा, टीका, दक्षिणा, पिङ, आशीर्वाद आदिलाई बुझ्ने गरिएपनि पछिल्लो समय भने दशैं मनाउने शैलीमा धेरै परिवर्तन आएको छ। नयाँ पुस्ता यतिबेला टीका, आशीर्वाद भन्दा पनि घुम्न, नयाँ काम सिकेर समय सदुपयोग गर्न चाहन्छन् ।

अर्कोतर्फ विजयादशमीमा शुभकामना आदान-प्रदान गर्ने शैलीमा समेत परिवर्तन हुँदै गएको छ। हातले लेखेर शुभकामना दिएका पुस्ताहरु समेत नयाँ सूचना प्रविधिको प्रयोग गर्न थालेका छन् । सूचना प्रविधिको बढ्दो प्रयोगले शुभकामना दिने शैलीमा परिवर्तन आएको छ। भेटेर शुभकामना दिने पोष्टकार्ड दिने र पुष्पगुच्छा साटासाट गर्ने चलन हराउँदै गएको छ। पोष्टकार्डसहितका शुभकामना कार्ड पठाउने परम्परा इमेल इन्टरनेटसँगै विस्थापित भएको छ। विभिन्न तथ्यांकहरुले समेत नेपालमा इमेल, इन्टरनेट प्रयोग कर्ताहरुको संख्या बढ्दै गएको देखिन्छ। जसका कारण पछिल्ला वर्षहरुमा सामाजिक सञ्जालबाटै शुभकामना आदान-प्रदान गर्ने पनि बढ्दै गएका छन् । आजभोली हाम्रा चाडबाडको महत्व उस्तै छ तर मनाउने शैलीमा भने केहि फरकपन छाएको छ । विगतमा जस्तो बजारमा पुगेर पोस्टकार्ड किन्ने चलन हराएको छ। भेटेर शुभकामना दिने र पुष्पगुच्छा साटासाट गर्ने चलन पनि करिब अन्त्य भइसकेको अवस्था छ । सामाजिक सञ्जाल फेसबुक, इमेल, इन्स्टाग्राम, टुईटर मार्फत शुभकामना आदान प्रदान भैरहेका छन् । सामाजिक सञ्जालको व्यापकताले सबैलाई सहज बनाएको छ ।

फेसबुक र ट्विटर लगायतका सामाजिक सञ्जालका भित्ताहरू यतिबेला शुभकामनाले भरिएका छन् । इमेल इन्टरनेटको प्रयोगसँगै शुभकामना आदान-प्रदानको शैली नै पूर्णतया डिजिटलमय भएको छ। चर्चित नायक-नायिका तथा मोडलहरूको तस्विर 'पोस्टकार्ड' किनेर त्यसको पछाडि सायरी लेखेर शुभकामना पठाउने चलन बन्द नै भइसक्यो ।

अर्कोतर्फ भौतिक पूर्वाधारमा आएको विकासका कारण अब घर सिंगारपटार, लिपपोत गर्ने चलन पनि हराउँदै गएको छ । लिंगे पीङ, पिर्के पिङ गाउँघरमा देखिन छोडेका छन् भने युवा र बालबालिकाहरू मोबाइल, ल्यापटप लगायतका प्रविधिमा व्यस्त हुने गरेका छन् । यसरी पछिल्लो समय दशैं मनाउने शैलीमा परिवर्तन आएपनि यसलाई हाम्रा संस्कृति, रितिरिवाज, सभ्यता छ, मौलिकतालाई बिर्सन हुँदैन । आफ्नो परम्परा, मौलिकता, लोक संस्कृति, रितीरिवाज, सभ्यता बिर्संदै गयौं भने हामी भविष्यमा खोक्रो-हुनेछौं ।


















# लोकमान सम्झाउने मुद्दा : संवैधानिक नियुक्ति



हिमाल सुवेदी

> प्रधानन्यायाधीश जबराले आफू पदमा रहुन्जेल संवैधानिक पदाधिकारीविरुद्धको मुद्दा सुनुवाइ हुन अवरोध गरे । अहिले निलम्बित अवस्थामा समेत अनेक रुपमा सुनुवाइ लम्ब्याउने प्रयास गरिरहेका छन् । विभिन्न संवैधानिक निकायमा नियुक्त ५२ जना पदाधिकारीहरु पनि मुद्दा लम्ब्याउन चाहन्छन् ।

विभिन्न निकायमा ५२ जना संवैधानिक पदाधिकारीको नियुक्तिविरुद्ध परेको मुद्दाले नेपालको न्याय प्रणालीको उजागर गरेको छ । ३० मंसिर २०७७ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको संवैधानिक परिषदले संवैधानिक पदाधिकारीहरुको सिफारिस गर्‍यो । त्यसपछि २०७८ जेठमा समेत गरेर ५२ संवैधानिक पदाधिकारीको सिफारिस संसदीय सुनुवाइबिना नियुक्ति भयो । नियुक्तिविरुद्ध परेको मुद्दा २१ महिनादेखि सर्वोच्च अदालतको संवैधानिक इजलासमा रुमल्लिरहेको छ ।

साउन ११ गते संवैधानिक इजलास शुरु हुनासाथ संवैधानिक पदाधिकारीको तर्फबाट वरिष्ठ अधिवक्ता सुशील पन्तले विपक्षी बनाइएका संवैधानिक निकायहरुलाई कारण देखाऊ आदेश जारी नगरिएको र उनीहरुबाट लिखित जवाफ पनि नआएकोमा प्रश्न गरे । त्यसमा इजलास पनि सहमत भयो । अनि संवैधानिक पदाधिकारी नियुक्त भएका निकायहरुका नाममा कारण देखाऊ आदेश जारी गर्ने बतायो । अर्थात, यसो उसो गर्ने मुद्दा लम्ब्याउने र न्यायलाई भुलभुलैयमा पार्ने यस्तै प्रयास २१ महिनादेखि सर्वोच्च अदालतमा निरन्तर चलिरहेको छ ।

संवैधानिक नियुक्तिविरुद्धको रिट निवेदकको तर्फबाट वकालतनामा पेश गरेका वरिष्ठ अधिवक्ता श्रीहरि अर्याल अदालत प्रशासन नै अदालतको मातहत रहे नरहेकोमा प्रश्न उठेको बताउँछन् ।

'यो भन्दा अगाडि नै अदालतले राष्ट्रपति कार्यालयको फाइल झिकाउनु भनेर आदेश गरेको छ । म्याद तामेल भयो, फाइल आएन । अनि फेरि फाइल झिकाउनू भन्ने अर्को आदेश भयो' उनी भन्छन्, 'को विपक्षी छन्, को छैनन्, कसकोमा म्याद तामेल हुनुपर्ने हो, के कागजात आए आएनन् भनेर हेर्नुपर्ने अदालत प्रशासन नै आदेशको पालना गर्दैन । त्यही भएर मैले अदालतको नियन्त्रणमा सर्वोच्च अदालत प्रशासन छ कि छैन भनेर प्रश्न नै गरेको हुँ ।' ३० मंसिर २०७७ मा अध्यादेश जारी भएलगत्तै परेको मुद्दा ३ दिनभित्र सर्वोच्च अदालतको संवैधानिक इजलासमा पेश भएको थियो । त्यसयता ७ पटक मुद्दा सुनुवाइका लागि इजलास तोकियो, तर अहिलेसम्म पनि विपक्षी बनाइएका सबै पदाधिकारी र निकायमा म्याद तामेल र लिखित जवाफ माग हुन सकेन । अदालतमा निवेदन दर्ता भएपछि इजलासमा प्रारम्भिक सुनुवाइ भई कारण देखाऊ आदेश हुनु र लिखित जवाफ माग्नु प्रारम्भिक प्रक्रिया हो । लिखित जवाफ पेश भइसकेपछि मात्रै मुद्दा पूर्ण सुनुवाइका लागि परिपक्व मानिन्छ ।

कतिपयले यो मुद्दालाई लोकमानकै लयमा अगाडि बढेको मुद्दा भनेर तुलना गर्दछन् । २०७३ सालमा आफू जोडिएको मुद्दाको फैसला सर्वोच्च अदालतबाट पुनरावलोकन हुने भएपछि तत्कालीन अख्तियार प्रमुख लोकमानसिंह कार्कीले म्याद नबुझ्ने रणनीति लिएका थिए । उनले अख्तियारका कर्मचारीलाई म्याद बुझ्न दिएनन् भने उनको निजी निवासमा म्याद बुझाउन गएका कर्मचारीमाथि बानेश्वरस्थित घरबाहिर हुलहुज्जत भयो । त्यहाँ पनि कार्कीका नातेदारले म्याद तामेल हुन दिएनन् ।

अहिले निलम्बित प्रधानन्यायाधीश जबरा बालुवाटारस्थित सरकारी निवासमा बसिरहेका छन् । संवैधानिक परिषदमा सदस्य भएकाले मुद्दामा उनलाई पनि विपक्षी बनाइएको थियो । सर्वोच्च अदालतका कर्मचारीहरु उनको निवासमा म्याद तामेल गर्न गए, तर उनले अवरोध गरे । जबराले म्याद बुझेनन्, बरु सर्वोच्च अदालत परिसरमा रहेको 'प्रधानन्यायाधीशको निजी सचिवालय'मा म्याद तामेल गर्न भन्दै कर्मचारीहरुलाई फर्काइदिए । अन्ततः कर्मचारीहरुले सर्वोच्च अदालत परिसरमै रहेको 'प्रधानन्यायाधीशको निजी सचिवालय'मा म्याद तामेल गरे ।

'यति भइसकेपछि त अब काम् प्रधानन्यायाधीशले लिखित जवाफ लेख्नुपर्ने भयो' वरिष्ठ अधिवक्ता ओम प्रकाश अर्याल भन्छन्, 'आफूले लिखित जवाफ दिने, आफैंले संवैधानिक इजलासमा मुद्दाको सुनुवाइ गर्न मिलेन भन्ने प्रश्न फेरि पनि उठ्ने भयो । त्यसपछि पहिले झैं सुनुवाइ अवरुद्ध हुनसक्ने खतरा छ ।' ६ वर्षअघि लोकमानले आफूविरुद्धको सर्वोच्च अदालतको मुद्दा पनि यसैगरी लम्ब्याउन र अल्मल्याउन खोजेका थिए । उनले म्याद तामेल रोक्ने प्रयास असफल भएपछि समेत बारम्बार मुद्दा स्थगित गराउने प्रयास गरेका थिए । कतिसम्म भने नेपाल बारले आयोजना गरेको फुटबल प्रतियोगिता देखाएर समेत मुद्दा स्थगित गर्ने प्रयास भएको थियो ।

यो मुद्दा पनि त्यही शैलीमा लम्बिने संकेत देखिएको रिट निवेदकको पक्षमा वकालत गरेका वरिष्ठ अधिवक्ता अर्यालको टिप्पणी छ । 'यस्तो अवस्थाले त नियुक्त भएका ती पदाधिकारीहरु पनि अनाहकमा अन्योलमा परे' अर्यालले भने, 'अदालतमा उठेको जुन प्रश्न हो, त्यो निरुपण भएर पदमा रहन योग्य भए निर्धक्क काम गर्न पाउथे, नभए घर जान्थे । अनाहकमा बारम्बार मुद्दा अल्मलिनु ठिक भएन ।' कानून व्यवसायीहरु प्रधानन्यायाधीश जबराले आफू पदमा रहुन्जेल संवैधानिक पदाधिकारीविरुद्धको मुद्दा सुनुवाइ हुन अवरोध गरेको आरोप लगाउँछन् । उनीविरुद्धको महाभियोगको प्रस्तावमा पनि यही विषय उल्लेख छ । निलम्बित अवस्थामा समेत उनले अनेक रुपमा सुनुवाइलाई लम्ब्याउने प्रयास गरिरहेका छन् ।

साथै अहिले विभिन्न संवैधानिक निकायमा नियुक्त ५२ जना पदाधिकारीहरु पनि कुनै न कुनै रुपमा मुद्दा लम्ब्याउन चाहन्छन् । 'फेरि पनि यो मुद्दा लथालिंग पार्न खोजेको देखियो' वरिष्ठ अधिवक्ता अर्यालले भने, 'यी पदाधिकारीहरु पदमा हुँदासम्म यो मुद्दा सुनुवाइ नहुने हो कि भन्ने चिन्ता छ ।'

यस्तै प्रवृत्तिले नेपालको न्यायापालिकाको साख क्रमशः गिर्दै गएको देखिन्छ । न्यायाधीशहरुको योग्यता र क्षमतामाथि प्रश्न चिह्न लागेको अवस्थाले सबैलाई चिन्तित बनाएको छ । पेसी नै नचढ्ने र चढेको पेसीमा पनि सुनवाइ नगर्ने कार्यले न्यायापालिकाको स्वतन्त्रता र सक्षमतामाथि अझ आघात पुगेको टिप्पणी गर्नेहरु पनि छन् । लगभग तीन करोड नेपालीलाई न्याय दिनुपर्ने नेपालको सर्वोच्च अदालत आफैंलाई न्याय दिन सकिरहेको छैन । आफैंलाई न्याय प्रदान गर्न नसक्ने अदालत आम सेवाग्राहीलाई कसरी विश्वास दिलाउन सक्छ भन्ने अहम प्रश्न आम जनतामा छ । स्वीकार्यताका दायरा संकुचन गर्ने सर्वोच्च अदालतको पछिल्लो गतिविधिले आम न्यायकर्मीहरुलाई दुखी र चिन्तित बनाएको छ । आफ्नो समस्या समाधान गर्न नसक्ने सर्वोच्च अदालत विवादका पक्षहरुको समस्या कसरी समाधान गर्न सक्छ ? कसरी संवैधानिक र कानूनी प्रश्नको व्याख्या गरी आम जनताको विश्वास आर्जन गर्न सक्छ ? न्यायालयको नेतृत्व गर्ने, नेतृत्व गर्न चाहने र त्यसको पर्खाइमा धैर्यता राख्न नसक्नेहरुले न्यायालयको गरिमा र ओज कायम हुन नसकेमा के हुन्छ भन्ने अहम प्रश्न छ । एक मिनेटको पनि ठूलो महत्व हुने सर्वोच्च अदालतको बेन्चले कामै नगरेको भनी जनतामा परेको भावले न्यायालयको अवस्था उजागर गर्दछ ।





















तीन करोड नेपालीलाई न्याय दिनुपर्ने नेपालको सर्वोच्च

मध्यान्ह । १३ असोज २०७९, बिहीबार
29 September 2022, Thursday
उत्सवको अर्थ
www.madhyanhadaily.com

# विद्युत् विकासमा सकारात्मक पहल



कृष्ण अधिकारी

> नेपालले पनि हाल भारतसँग अन्तर्देशीय विद्युत् व्यापार थालिसकेको र यहाँको विद्युत् उत्पादन बढ्दै जाँदा निर्यात योग्य विद्युत् भारत, बंगलादेश लगायत अन्य बजारमा पुर्‍याउन पहिला त हामीले उपयुक्त क्षमता र संख्याका उच्च भोल्टेज प्रशारण लाइनहरू निर्माण गर्न जरुरी छ ।

केही वर्षअघिसम्म लोडसेडिङ अन्त्य होला र ! भन्दै हामी यसलाई कल्पना बाहिरको कुरा ठान्थ्यौं । अहिले आन्तरिक विद्युत् उत्पादन बढ्दै गएर लोडसेडिङ अन्त्य भयो । अहिले विद्युत् व्यापारको कुरा गर्न थालिएको छ । व्यापारसँगै खपतको कुरा आउँछ । नेपालको विद्युत्को आन्तरिक खपत बढाउन र निर्यात गर्नका लागि विद्युत् उत्पादन, प्रशारण र वितरणको लागतलाई एकातिर घटाउन आवश्यक छ भने अर्कोतिर प्रशारण लाइनको विस्तारमा जोड दिनुपर्ने हुन्छ । पर्याप्त प्रशारण क्षमताको विकास नभई प्रशारणमा खुला पहुँच अवलम्बन गर्न सकिँदैन । खुला पहुँच भनेको सबै उत्पादन वा व्यापार अनुमतिपत्र प्राप्त निकायलाई प्रशारण संरचनाको प्रयोग भेदभावरहित ढंगले सुनिश्चित गर्नु हो । नेपालले पनि हाल भारतसँग अन्तर्देशीय विद्युत् व्यापार थालिसकेको र यहाँको विद्युत् उत्पादन बढ्दै जाँदा निर्यातयोग्य विद्युत् भारत, बंगलादेशलगायत अन्य बजारमा पुर्‍याउन पहिला त हामीले उपयुक्त क्षमता र संख्याका उच्च भोल्टेज प्रसारण लाइनहरू निर्माण गर्न जरुरी छ ।

अन्तर्देशीय विद्युत् व्यापार विभिन्न चुनौतीहरुको बावजुद सकारात्मक दिशामा अघि बढिरहेको छ । गत चैत १९-२१ मा प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणका क्रममा जारी भएको संयुक्त दूरदृष्टि अवधारणाले नेपालको जलविद्युत् उत्पादन, यसको प्रशारण र भारत लगायत बीबीआइएन उपक्षेत्रमा विद्युत् बजार प्रवर्द्धनका बारेमा उल्लेखनीय मार्गदर्शन गरेको छ । नेपालले पनि हाल भारतसँग अन्तर्देशीय विद्युत् व्यापार थालिसकेको र यहाँको विद्युत् उत्पादन बढ्दै जाँदा निर्यात योग्य विद्युत् भारत, बंगलादेश लगायत अन्य बजारमा पुर्‍याउन पहिला त हामीले उपयुक्त क्षमता र संख्याका उच्च भोल्टेज प्रशारण लाइनहरु निर्माण गर्न जरुरी छ ।

पर्याप्त प्रशारण क्षमताको विकास नभई प्रशारणमा खुला पहुँचको अवलम्बन सम्भव हुँदैन भन्नेतर्फ पनि स्पष्ट हुन आवश्यक छ । पहिलो नेपाल-भारत ४०० केभी अन्तर्देशीय प्रशारण लाइन ढल्केबर-मुजफ्फरपुर संचालनमा आइसके पनि पूर्ण क्षमतामा यसको उपयोगिता लिन बाँकी नै छ भने दोस्रो अन्तर्देशीय ४०० केभी बुटवल-गोरखपुर प्रशारण लाईन यसै आर्थिक वर्षदेखि निर्माण चरणमा जाँदैछ । यी प्रशारण लाइनसँगै नेपाल-भारत ऊर्जा सचिव/सह-सचिवस्तरीय बैठकहरुमार्फत अध्ययन भइसकेका थप अन्तर्देशीय प्रशारण लाइनहरु रातोमाटे-फेरुङ, लम्की-बरेली र दुहवी-पूर्णियाँ प्रशारण लाइनको सम्भाव्यता अध्ययन सम्पन्न गरी निर्माण शुरु गर्ने तयारी हुँदैछ । यस्ता कार्यक्रमहरुले उर्जा क्षेत्रको विकासलाई समग्रतामा नै योगदान पुर्‍याउने छ ।

## आन्तरिक खपत नै पहिलो प्राथमिकता

अहिले प्रतिव्यक्ति विद्युत् खपत २६२ गिगावाट प्रतिघण्टा छ । यो अन्य देशको तुलनामा अत्यन्त न्यून हो । सबै ऊर्जालाई विद्युत्मा रूपान्तरण गर्न सकियो भने त्यो दुई लाख गिगावाट प्रतिघण्टा पुर्‍याउन सकिन्छ । सबै ऊर्जामा विद्युत् प्रयोगमा ल्याउन नसकिए पनि कम्तीमा ४० प्रतिशत ऊर्जा सहजरूपमा विद्युत्मा रूपान्तरण गर्न सकिन्छ । त्यतिबेला प्रतिव्यक्ति विद्युत् खपत ८० हजार गिगावाट प्रतिघण्टा पुग्दछ र यसले हाम्रा भान्छादेखि औद्योगिकीकरण, यातायात क्षेत्रमा विद्युत् खपत बढेर जान्छ । अहिले पनि नेपालमा ६५ प्रतिशत ऊर्जा दाउरा/गुइँठाबाट आएको अवस्था छ । २१/२२ प्रतिशत ऊर्जा पेट्रोलियम पदार्थ, ग्यास, कोइलाबाट आएको छ, जुन आयातित हो । कुल ऊर्जामा जलविद्युत्को हिस्सा भने ४ प्रतिशतभन्दा पनि कम छ । त्यसैले अब ऊर्जामा जलविद्युत्को हिस्सा बढाउन सकियो भने विद्युत् खपतमा ठूलो फड्को मार्न सकिन्छ ।

त्यसैले पहिलो प्राथमिकता देशमा अधिकतम विद्युत् उत्पादन गर्दै आन्तरिक खपत वृद्धि गरी प्रतिव्यक्ति विद्युत् खपतलाई क्षेत्रिय र अन्तर्राष्ट्रिय स्तरमा तुलनायोग्य अवस्थामा पुर्‍याउने र आर्थिक उत्पादकत्व वृद्धि गर्नु नै हो । आन्तरिक रूपमा विद्युत्को खपत बढाउन विद्युतीय सवारी साधनको प्रयोग, विद्युतीय भान्छा र उद्योगधन्दामा विद्युत्को खपत बढाउनुपर्ने हुन्छ । विद्युतीय सवारी प्रयोगबाट विद्युत् खपत बढाउन सकिन्छ । यसबाट राजस्व पनि बढ्छ । विद्युतीय चुलो र यसमा प्रयोग हुने भाँडा उत्पादन गर्ने उद्योग स्थापना गर्न सकिन्छ । सरकारले यसका लागि 'जग्गा दिन्छौं', 'निशुल्क विद्युत् दिन्छौं', '१० वर्ष कर छुट दिन्छौं' जस्ता सुविधाहरु दिन ढिला गर्नु हुँदैन । यसमा निजी क्षेत्रले पनि चासो देखाएको छ । यसो गर्दा पेट्रोलियम पदार्थ, खाना पकाउने एलपी ग्यासको आयात प्रतिस्थापन हुन्छ । यसबाट व्यापारघाटा न्यूनीकरण हुन्छ ।

## विकल्पमा विद्युत् निर्यात

स्वदेशी खपत भन्दा बढी हुने विद्युत् अन्तरराष्ट्रिय बजारमा निर्यात गर्नुको विकल्प छैन । हाम्रो विद्युत् उत्पादन प्रणाली जलश्रोतमा आधारित भएको र जलाशययुक्त आयोजनाहरुको सट्टा नदिप्रवाही जलविद्युत् आयोजनाहरुको बाहुल्यता भएकाले आन्तरिक बजार पर्याप्त नहुँदासम्म दिनको कुनै पनि समयमा बढी हुने विद्युत् निर्यात नगर्नु भनेको खोलानदीमा सित्तैमा पानी खेर फाल्नु हो । त्यसको बिक्रि गर्न सकिएन भने उत्पादकबाट टेक अर पे प्रावधानमा आधारित विद्युत् खरिद सम्झौता भएकाले ठूलो मात्रामा वित्तीय जोखिम आउँछ । जसबाट सरकार, निजी क्षेत्र र बैंक तथा वित्तीय संस्थाहरू आर्थिकरुपमा धरासायी हुन सक्छ ।

भारतले नेपालका विभिन्न छ आयोजनाको करिब ३६५ मेगावाट विद्युत् भारतीय एक्सचेन्ज बजारमा निर्यात गर्नसक्ने गरी स्वीकृति प्रदान गरेअनुसार नेपालले सो बराबरको विद्युत् निर्यात गरी विदेशी मुद्रा आर्जन गरिरहेको र थप आयोजनाहरुको विद्युत् निर्यात स्वीकृति प्राप्त गर्न राजनीतिक तथा कूटनीतिक प्रयास भइरहेको छ ।

## नीतिगत पहल

विद्युत् क्षेत्रमा देखिएको नीतिगत समस्या समाधानका लागि संसदको चालु अधिवेशनबाट विद्युत् ऐन पारित गराउन मन्त्रालयले पहल गरिरहेको छ । प्रस्तावित नयाँ विद्युत् ऐनले विद्युत् व्यापार एवं प्रशारण प्रणालीमा खुला पहुँचको व्यवस्था गरेको छ । अन्तरराष्ट्रिय अभ्यासहरुका साथै हाम्रो आफ्नो परिवेश र आवश्यकतालाई समेत मध्यनजर गरी यसमा थप नीतिहरू विकास हुँदै जानेछ ।

जलश्रोतको अधिकतम उपयोग गरी विद्युत् उत्पादन गर्न विद्यमान् क्यु ४० को डिजाइन व्यवस्थालाई हटाई जलविद्युत् आयोजना विकास गर्ने व्यवस्था लाइसेन्स र पिपिएमा मिलाउन खोजिएको देखिन्छ । नदी प्रवाह आयोजनाहरुको पिपिए पुनः शुरु गर्नेतर्फ गृहकार्य शुरु गरिएको छ ।

## लाइसेन्स 'होल्ड' गर्नेलाई निस्तेज

विद्युत् उत्पादन गर्न लाइसेन्स लिने, विद्युत् खरिद सम्झौता (पिपिए) गर्ने तर निर्माणमा नगई खोलानदी ओगटेर बस्ने प्रवृत्तिलाई निस्तेज गर्न सरकारले त्यस्ता कम्पनिहरुको लाइसेन्स रद्द गर्ने बताउनुभएको छ । यसै साता नेपाल आर्थिक पत्रकार समाज र वित्तीय क्षेत्र स्थायित्वकार्यक्रमले आयोजना गरेको अन्तरदेशीय विद्युत्‌सम्बन्धी कार्यशालामा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री पम्फा भुसालले जलविद्युत् लाइसेन्स लिने, पीपीए पनि गर्ने तर निर्माणमा नगई खोलानदी ओगटेर बस्ने प्रवृत्तिलाई निस्तेज गरी वास्तविक प्रवर्द्धकहरूलाई प्रोत्साहित गर्नेतर्फ कदम चाल्न आवश्यक रहेको बताउनुभएको थियो । उहाँले जलविद्युत्‌जनाको लाइसेन्स होल्ड गर्नेप्रति मन्त्रालय निर्मम हुने संकेतसमेत गरेकी छन् ।

विद्युत् विकास विभागले जलविद्युत् आयोजनाको सर्वेक्षण र उत्पादन अनुमति लिएर अगाडि नबढाई लाइसेन्स होल्ड गरेका आयोजनाको अनुमति पत्र रद्द गर्न सक्दछ । विद्युत् ऐन २०४९ को दफा ८ को अनुमतिपत्र खारेज गर्न सकिने व्यवस्थालाई प्रयोग गर्दै यी आयोजनाको अनुमति रद्द गरिएको हो । नियमविपरीत कुनै काम गरेमा र उपदफा २ को १ मा तोकिएको अवधिभित्र अनुमतिपत्र प्राप्त व्यक्तिले आवश्यक सुधार नगरेमा तोकिएको अधिकारीले अनुमतिपत्र खारेज गर्न सक्ने ऐनमा उल्लेख छ । विभागले २०७६ मा ३ हजार ४४४ मेगावाटका १२७ आयोजनाको लाइसेन्स रद्द गरेको थियो ।


### ललितपुर महानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
पुल्चोक, ललितपुर, बागमती प्रदेश, नेपाल

**डेंगी ज्वरो**

**परिचय:** डेंगी ज्वरो अरू मौसमी ज्वरो जस्तै हो डेंगी भाईरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मानिसमा सर्दछ ।

**लामखुट्टेले टोक्ने समय:**
एडिज जातको लामखुट्टेले प्राय गरेर दिनमा टोक्दछ । यद्धपी घाम उदाएको २ घण्टा पछाडि र घाम अस्ताउनु भन्दा २ घण्टा अगाडी यो लामखुट्टे बढी सक्रिय हुने हुनाले सो समयमा थप सचेत हुनु पर्दछ ।

**लामखुट्टे बृद्धी विकास हुने स्थान:**
एडिज जातको लामखुट्टेले जमेको सफा पानीमा पनि फुल पार्दछ । खास गरी पानी जम्ने टिनका डिब्बाहरू, प्लाष्टिकका बोटल, प्लाष्टिकका खोल, टायर, सिसी, अण्डाको बोक्रा, ड्रम, बाँटा, बाल्टिन, फुलदानी, गमला, कुलर, पानीका ट्यांकी लगायत जुनसुकै पानी जम्ने भाडा तथा स्थानहरू जस्तै छाना, कौसी, बरण्डा, डल, नाली, कुलो आदिमा फुल पार्दछ र यो लामखुट्टे बृद्धी विकास हुन्छ ।

**डेंगी ज्वरोको लक्षण:**
डेंगीको मुख्य लक्षण एक्कासी ज्वरो आउनु हो । यो ज्वरो ५ देखि ७ दिन समम रहन सक्छ । ज्वरोसँगै निम्न लक्षणहरू देखा पर्दछ ।

- बेस्सरी टाउको दुख्ने
- हाडजोर्नी र मांसपेशीहरू तथा ढाड दुख्ने
- रिंगाटा लाग्ने
- आँखाको गेडी दुख्ने
- शरिरमा बिबिरा आउने
- वाकवाकी /बान्ता हुने

यसका साथै लगातार बान्ता हुने, बान्तामा रगत देखा पर्ने, पेट दुख्ने, स्वासप्रश्वासमा समस्या आउने, नाक/गीजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने आदि लक्षणहरू देखा पर्नु डेंगीको जटिल अवस्था हो ।















# चुनाव र चाडपर्व : हर्ष र विमर्श



शिवराज परियार

'दुई दिन ढिलो गरी खर्च विवरण पेश गरेको भनेर निर्वाचन आयोगले ५ लाख ५० हजार जरिवाना गर्नु भनेको लुट्नु हो. मेरो पूरा खर्च नै २ लाख नि थिएन जरिवाना चाहिं त्यति धेरै !'




सरकारले आगामी मंसिर ४ गते प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको घोषणा गरेको छ । निर्वाचन अगाडि नेपालीहरुको महान पर्व विजया दशमी, शुभ दिपावली तथा छठ पर्व मनाईदै छ। चाडबाडको बेला प्राय: मान्छेहरु गाउँ फर्कने भएकाले दलहरुलाई मतदातासँग भेटघाट गर्ने गज्जबको समय जुरेको छ । यसैको फाइदा उठाउने दाउमा दलहरु देखिन्छन् ।

यता निर्वाचन आयोग पनि चुनावको तयारीमा जुटेको छ । आगामी निर्वाचनको तयारीमा जुटेको आयोगलाई गत बैशाखमा भएको स्थानीय तहको निर्वाचनको धङधङीले छोड्न सकेको छैन । उम्मेदवारले निर्वाचनमा गरेको खर्च विवरण नबुझाएको भन्दै जरिवाना असुल्ने तर्फ आयोगको ध्यान देखिन्छ ।

ढिलो गरी खर्च विवरण बुझाउने र खर्च विवरण नै नबुझाउने १ लाख २३ हजार भन्दा बढी उम्मेदवारलाई आयोगले जरिवाना तिर्न ताकेता गरेको छ । तर उनीहरु आयोगले निर्धारण गरेको जरिवाना तिर्न सक्ने अवस्थामा छैनन् । उनीहरुको पक्षमा गाउँपालिका महासंघ पनि देखिएको छ । निर्वाचन खर्च विवरण नबुझाउने उम्मेदवारहरुलाई एक पटक मौका दिन महासंघले आग्रह गरेको छ ।

आयोगको निर्देशनबारे निर्धारित समयमा खर्च विवरण नबुझाउने उम्मेदवारले खासै केही बोलेका छैनन् । तर कतिपय उम्मेदवारले खर्च विवरण बुझाउनु पर्छ भन्ने समेत जानकारी नभएको बताउने गरेका छन् ।

आयोगको निर्देशन पछि धरान उप-महानगरपालिकाका प्रमुख हर्क साम्पाङ राईले फेसबुकमा लेखे, 'दुई दिन ढिलो गरी खर्च विवरण पेश गरेको भनेर निर्वाचन आयोगले ५ लाख ५० हजार जरिवाना गर्नु भनेको लुट्नु हो ! मेरो पूरा खर्च नै २ लाख नि थिएन जरिवाना चाहिं त्यति धेरै !' यसअघि पनि उनले आयोगप्रति फेसबुकमार्फत नै तितो पोख्दै जरिवाना तिर्न तयार रहेको तर त्यो पैसा भ्रष्टाचारीको पेटमा जान नहुने भन्दै व्यङ्ग्य गरेका थिए ।

धरानका मेयर राई एक प्रतिनिधि पात्रा मात्रै हुन् । उनी जस्ता धेरै पात्रहरु छन् । जस्लाई निर्वाचन आयोगमा खर्च विवरण बुझाउनु पर्छ भन्ने नै थाहा छैन । अर्को तर्फ उनीहरुको आयोगले भने जति जरिवाना तिर्न सक्ने क्षमता नै छैन ।

अर्कोतर्फ स्थानीय चुनावमा पराजित भएका ४ सय ५० जना भन्दा बढी आगामी निर्वाचनको समानुपातिक तर्फको बन्द सूचीमा परेका छन् । स्थानीय तहको निर्वाचनमा उम्मेदवारी दिएर चुनाव हारेका र निर्वाचन खर्च नबुझाइ फेरि उम्मेदवार बनेका उनीहरुले जरिवाना नतिरे उम्मेदवारी रद्द हुने निर्वाचन आयोगले जनाएको छ ।

निर्वाचन आयोगले निर्वाचन कानून, निर्वाचन आचार संहिता, उम्मेदवारको निगरानी केही गरेन भन्ने पहिलेदेखिकै गुनासो सुनिने गरेको थियो । निर्वाचनका बेला पैसा बाँडेको समेत चर्चा हुने गरेको थियो । तर अहिले आयोगले निकै कठोर बनेको छ ।

स्थानीय तहको निर्वाचनमा पराजित बनेकाहरुले जरिवाना नतिरे पनि विजयी बनेकाहरु भने आयोगले तोकेको जरिवाना तिर्ने तर्फ सकरात्मक नै देखिएका छन् । आफ्नो पद जाने भयले पनि उनीहरु जरिवाना तिर्नका लागि इच्छुक देखिएका हुन् । अथावा उनीहरु बाध्यतामा परेकाले पनि जरिवाना तिर्नतर्फ अग्रसर देखिएका हुन् ।

२०७४ को निर्वाचनमा प्रदेशसभातर्फका उमेदवारले १५ लाख र प्रतिनिधिसभातर्फका उम्मेदवारले २५ लाख रुपैयाँ खर्च सीमा तोकेको आयोगले यो पटक त्यसमा हेरफेर गर्ने भएको छ ।

आयोगले तयार गरेको प्रस्तावनामा १६५ निर्वाचन क्षेत्रलाई ५ वटा क्याटागोरीमा विभाजन गरिएको छ । जसमा २५ लाखदेखि ३३ लाखसम्म एक उम्मेदवारले खर्च गर्न पाउने प्रस्ताव गरिएको छ। आयोगले गरेको प्रस्ताव अनुसार ५ वटा निर्वाचन क्षेत्रका उम्मेदवारले २५ लाख, २३ वटाले २७ लाख, ६६ वटाले २९ लाख, ४४ वटाले ३१ र २७ वटा निर्वाचन क्षेत्रका उम्मेदवारले ३३ लाखसम्म खर्च गर्न पाउने गरी प्रस्ताव अगाडि सारेको छ ।

आयोगले गत निर्वाचनको तुलनामा निर्वाचन खर्चको सीमा बढाएको छ । तर दलहरुले त्यही सीमाभित्र रहेर खर्च गर्ने विश्वास गर्न सक्ने आधार देखिँदैन । उनीहरुले गर्ने निर्वाचन खर्चको पोको निकै ठुलो हुने गरेको छ । यसलाई पुष्टि गर्नका लागि दलका प्रतिनिधिहरुले दिएका विगतका अभिव्यक्त काफी छन् । निर्वाचनमा करोडौं खर्चका अभिव्यक्ति दिएकै कारण केही नेताहरुलाई आयोगले स्पष्टीकरण समेत सोधिसकेको छ ।









# कोरोना कहरको अत्यासलाग्दो क्षण



खिमराज गिरी

> एक परदेशी भएतापनि नेपाली भएको नाताले नेपाल र नेपालीहरूको मायाँ र ममताले यो हृदय नभक्कानियोस पनि कसरी ? एकातिर आफुमा अनेकौं पीडा र व्यथाले आफ्नै मन सम्हालिन धेरै असहज थियो भने अर्कोतर्फ गरिब मुलुक नेपालको अवस्था झन दयनिय थियो ।

अबोध बालबच्चा, आमाबुवा अनि घरपरिवार, साथीभाई अनि मातृभूमी छोडेर आएको पनि कयौं वर्ष भइसकेछ ! प्रसस्त धन कमाई ऐसा आरामको जीवन जिउने रहरले या बाध्यताको भूमरीले थिचेर हो । त्यो मानवता विरोधी कोरोना भाइरस विरुद्धको लडाईंमा एउटा सीमित बन्द कोठामा सकसका साथ बाँच्न बाध्य भएका ती दिन सम्झिरहन्छु । हुनत, हामी नेपाली मात्र कहाँ हो र, संसारका कयौं मानिसहरु बन्द कोठामा कैदी भएर बस्नुपरेको अवस्था थियो !

तैपनि, संसार एकदमै साँघुरिएको अवस्थामा झ्यालबाट बाहिर हेर्दा नीलो आकाश, गगनचुम्बी पहाड, हरियाली जङ्गल, रोडमा मडारिरहेका पशुपंक्षी, जीव-जन्तु र प्रायजसो देखिने दृश्यको चित्कार र कुण्ठाका ती संवेदनाहरु यी कान र आँखामा मडारिइरहन्थे ! मानवीय संवेदनशीलता र उदासिएका ती भावुक मनहरुको रुवाबासी हाम्रो मनले चाहेर पनि हेर्न सकिदैनथ्यो । किनकि, कोरोना भाइरसले सताइरहेको अवस्था थियो भने तत्कालिन समयमा उक्त भाइरसले गर्दा कतिका काख रित्तिएका थिए त, कतिका सिँधुर पुछिए !

अनि कतिका बालबालिका टुहुरा भए । कतिले जीवनको अन्तिम घडीमा एक चम्चा पानी पनि नपाई देह त्यागे । को आफ्नो, को पराई । सबैका एकै चिहान ! कतिखेर के हुने हो थाह थिएन ! यसरी दिनहुँ उही दृश्यहरु दोहोरिरहँदा मनमा अनेक तर्कनाहरु खेलिरहन्थे । र, हरेक पल मातृभूमिको याद आइरहन्थ्यो ! सोच्थे, आज ती मृतात्माहरु नेपाली भूमिमा भइदिएको भए आफन्तको सेवाबाट सायद हाँसी हाँसी मृत्युलाई अँगाल्न पुग्ने थिए होलान् !

आफन्तलाई पनि जीवनभर सम्झनाले किन पिरोलिरहन्थ्यो होला र ? यसो सोचेर ल्याउँदा आफन्तको पीडा त्यतिखेर झल्किन्छ, जतिखेर जीवनको अन्तिम घडीमा अस्पतालको बेडमा छटपटाइरहेका हुन्छन् ती बेसहारा परदेशीहरु ! आजसम्म यो कोरोनाको कारणले कति नेपाली दिदीबहिनी तथा दाजुभाईहरुको ज्यान गइसकेको छ ।

न्युयोर्क शहरमा बस्ने अनिल लिम्बुको कोरोना भाइरसका कारण २ वर्ष पहिला मार्च २४ तारिकमा मृत्यु भयो । प्रायः युवाहरुमा रोग प्रतिरोधात्मक क्षमता बढी हुन्छ, भनिएता पनि बिरामीलाई विशेष तरिकाले हेरचाह गरिएन भने यो रोगले झन आक्रमण गरिहाल्ने स्थिति थियो । उनका परिवार लामो समयसम्म यो रोगको संक्रमणबाट आफ्नै अपार्टमेण्टमा जुधिरहेका थिए । साढे दुई वर्ष अगाडि अप्रिल ४ मा काठमाण्डौका अजयमान छौंजुको मृत्यु भयो । कारण थियो कोरोना !

तर डाक्टरले भनिदिए कि, हर्ट अट्याकबाट मृत्यु भएको हो । त्यस्तै, अर्को व्यक्ति गण्डकी जोमसोमका सोनाम पनि कोरोनासंग जुध्दा जुध्दै जीवन लिला समाप्त गरे र करिब पन्ध्र बीस वर्ष अमेरिकामा सेवा गरेका उनले जीवनको अन्तिम घडिमा एक चम्चा पानी पनि नपाई देह लिला समाप्त गरे ।

गन्डकी प्रदेशका थोक्ने विष्ट र सोनाम लामाको कथा व्यथा पनि कम कारुणिक छैन । यसरी बेलायतमा पनि कयौं नेपालीहरुको यही कोरोनाको कारणले बडो कठीनकासाथ जीवन लिला समाप्त भएको थियो । हालत कुवेतमा बस्ने नेपालीहरुको पनि नभएको कहाँ थियो र !

उक्त समयमा त परिवार,डाक्टर तथा नर्सको निगरानी अत्यावश्यक कुरा हो तर विदेशमा गएका कयौं मानिसहरु जो सम्बन्धित देशको नागरिकता प्राप्त गरेर त्यहाँको अर्थतन्त्रलाई मजबुत बनाउन सहयोग गरेतापनि आज तेश्रो दर्जाको नागरिकको हैसियतले हेरेको आभास हुन्छ हामी आम नेपालीहरुलाई ।

किनकी, शुरुमा तत्कालिन समयका अष्ट्रेलियाका प्रधानमन्त्रीले पनि घुमाउरो पाराले प्रवासीहरुलाई सम्बोधन गरेका थिए भने, अमेरिकाका राष्ट्रपति ट्रम्पले पनि दिनानुदिन अमेरिकी नागरिकहरुको त्यो दुर्गति देखेर केही समय पहिला भनेका थिए कि, "अब यहाँ औषधि दुई दिनलाई पनि पुग्ने छैन, दिन दिनै मानिसहरुमा कोरोना भाइरसको संक्रमण बढ्दो छ, भेन्टिलेटर पनि २०० जनालाई पुग्ने भन्दा छैन, त्यसैले आप्रवासीहरुले आफ्नो सुर गरेहुन्छ र पहिलो प्राथमिकता भनेको अमेरिकी आदिवासी नागरिक नै हुन् । अब भन्नुहोस्, पुँजिवादी राष्ट्रको सोच कस्तो छ त, ती तमाम गरिब मुलुकहरुबाट प्रवासी बनेका नेपालीलगाएत अन्य मुलुकहरुका नागरिकहरुप्रति ! तर, एक परदेशी भएतापनि नेपाली भएको नाताले नेपाल र नेपालीहरुको मायाँ र ममताले यो हृदय नभक्कानियोस पनि कसरी ? एकातिर आफुमा अनेकौ पीडा र व्यथाले आफ्नै मन सम्हालिन धेरै असहज थियो भने अर्कोतर्फ गरिब मुलुक नेपालको अवस्था झन दयनिय थियो । झन आफ्नो परिवारको पीडाको त के बयान गर्न सकिन्थ्यो र !

एक त गरीब मुलुक, त्यसैमा पनि कोरोनाले बढी भन्दा बढी संक्रमित नेपालीको चित्कार यो परदेशीले देख्दा, यसो एकान्तमा बसेर सोच्दथे, के गरीबताको कारणले नेपालमा मात्र हो त हरेक कुरामा अभावको जीन्दगी ? आखिर, किन त ? केही पत्रकार तथा बुद्धिजीवीहरु सरकारलाई सहयोग गर्नुको सट्टा यस्तो संकटकालमा पनि पैसाको हिसाब किताबका पानाहरु पल्टाएर बसेका हुन्थे ।

सरकारका केही पदाधिकारीहरु भने भाउ र दाउ हेरेर बसेको अवस्था पनि कहिँ कतै नभएको होइन । अनि कतिका डुकुटीका चाबी बन्द भएका होलान्, कति पत्रकार महोदयहरुका ती प्रत्येक शब्दहरुलाई रंगिन पानाहरुमा महँगो मुल्यमा सजाइएको होला ।

तैपनि एकपटक आ-आफ्नो क्षेत्रमा कार्यरत जिम्मेवार नागरिकहरुले त्यो संकटको समयमा सोच्नैपर्ने समय थियो । ता कि, राष्ट्रको लागि के दिन सकियो त ? अनि सत्तामा बस्नेहरुले पनि आफ्नो विवेक र नैतिकतालाई बन्दकीमा राखि गरिएको सम्झौताले आफुलाई मात्रै होइन आफ्ना सारा सन्ततीहरुलाई भविश्यमा के कस्तो असर पर्ला भन्ने कुराको पनि हेक्का राख्नु जरुरी थियो ।

ज्ञान हाँसेर मरेपनि विज्ञान रोएर मर्दछ भन्ने युक्ति कोरोनाले विज्ञानलाई दिएको चुनौतीले साबित गरेको थियो । अहिले त खास के नै भएको छ र ? तत्कालिन समयमा प्रत्येक मानवको पाइला चेतावनीको भाषामा कोरिएको लक्ष्मण रेखाभित्र सीमित भएर बस्नुको विकल्प थिएन । यो भाइरसले निलेका लासहरुको माझमा जिउँदा मानिसहरुको दर्दनाक पीडा त्यतिकै भावुक देखिन्थे ।

त्यो मानवीय त्रासको सन्जालमा रुमलिएर बग्न खोज्ने भाइरसबाट बँच्न र अरुलाई बचाउनको लागि हाम्रो प्रयत्न भनेको अरुलाई घरभित्रै बस, बाहिरी संसारबाट टाढै रह्यौ भने कम्तीकम पछिका दिनहरुमा इष्ट मित्र, देवता पित्र सबैको साथमा रमाउन त सकिएला भन्ने सुझाव बाहेक अरु के नै दिन सकिएको थियो । कोरोनाको संत्रास त थियो नै ।

*(गिरी नेपाल दशनामी समाजका केन्द्रीय सदस्य हुन् ।)*











# शहरीकरणले ल्याएको खुकुलो सामाजिक सम्बन्ध





डिबी बुढा

> मिनेट मिनेटमा हजारौं मानिससँग सम्बन्ध जोड्ने र तोड्ने गर्छन् । समाजशास्त्री इमाइल दुर्खिम भन्छन्, 'सामाजिक संरचना समाजमा श्रमको विभाजनमा निर्भरता हुन्छन् ।'

शहर भन्नाले भौतिक एवं सामाजिक पूर्वाधारको विकास भएको पर्याप्त अवसरहरु भएको बृहत जनसंख्याको बासस्थान भएको र तुलनात्मक रुपमा ग्रामीण क्षेत्र भन्दा बढी आर्थिक क्रियाकलाप भएको उन्नत प्रकृतिको बस्ती भन्ने बुझिन्छ ।

शिक्षा, स्वास्थ्य, रोजगारी र व्यापार लगायतका विभिन्न कारणले गर्दा कुनै क्षेत्र शहरको रुपमा रुपान्तरण हुने प्रक्रिया नै शहरीकरण हो । सेवा सुविधा तथा अवसरहरुको उपलब्धताले ग्रामीण क्षेत्रका मानिसहरुलाई शहरतर्फ आकर्षक गर्दछ । सडक विद्युत खानेपानी शिक्षा स्वास्थ्य रोजगार जस्ता भौतिक एवं सामाजिक पुर्वाधारहरुको विकास भएको बृहत बस्तीलाई नै शहर भनिन्छ ।

सन् २००८ तिर विश्व इतिहासमा ग्रामीण जनसंख्या भन्दा शहरी जनसंख्या बढी देखिएको थियो । शहरीकरणको सम्बन्ध विकसित देशहरुको अनुशरण गर्दै यो विकासोन्मुख देशहरुमा पनि बढेको छ । यस बाहेक पछिल्लो समय शहरीकरणको दर द्रुतगतिमा बढ्दैछ ।

तथ्यांक विभागका अनुसार नेपालको जनगणना २०७८ मा ६६.०८ प्रतिशत मानिसहरु शहरमा बसेको पाइन्छ । मानिसहरु जति शहरतिर उन्मुख भयो । त्यति आफ्ना परम्परागत रुपमा चलिआएका सामाजिक सांस्कृतिक आर्थिक सम्बन्धलाई छोड्दै आएको पाइन्छ । यसले आफ्नो सामाजिक पहिचानलाई खल्बल्याउँछ ।

विश्वका हरेक मानिसहरु एक अर्का प्रतिअन्तर सम्बन्धित हुन्छन् । सम्बन्ध विना रतिभर टिक्न सकिँदैन । चाहे त्यो पारिवारिक सम्बन्ध होस्, चाहे सामाजिक । तर पछिल्लो समय बढ्दो आधुनिकीकरणले गर्दा मानिसहरु परम्परागत परिवार जस्तो उठबसको सम्बन्ध छैन ।

सकि नसकी गाउँबाट शहरतिर झर्नेको लहर बढ्दो छ । शहरको छिसमिसे बसाई जस्तै मानिसहरुको सम्बन्ध पनि छिसमिसे छ । विगतको ग्रामीण क्षेत्रमा बस्ने मानिसहरुको सम्बन्ध धेरै टाढा टाढाका मानिससम्म हुन्थ्यो । सबदो नातावाद जोड्ने एकले अर्कोलाई सम्मान गर्ने समय-समयमा भेटघाट, सुख दुःखको आदान-प्रदान गर्ने मिठो र गहिरो सम्बन्ध हुन्थ्यो । एक पटक चिनजान गरेपछि पछिल्लो पुस्तासम्म चिनिने कुनै ठाउँमा भेट हुने बित्तिकै बोल्ने आदर सम्मान गर्ने प्रचलन थियो । मन भित्रका कुरा खोलेर सच्चा बोली, सच्चा सम्बन्ध बसाल्थे ।

भोज, भतेर, विवाह, मर्दापर्दा सट्टापट्टा गरेर सःशुल्क कामगर्ने चलन थियो ।

चुलो चौकोदेखि खेतिपातिसम्म प्रभावित हुन्थ्यो । त्यसैले गर्दा जसरी पनि सामाजिक सम्बन्धबाट विमुख हुन सक्दैनथे । आजभोलि जति सामाजिक सम्बन्धबाट टाढा गयो । त्यति स्वतन्त्रता व्यक्तिगत जीवन जिउन सहज हुने महसुस गर्दछन् ।

मिनेट मिनेटमा हजारौं मानिससँग सम्बन्ध जोड्ने र तोड्ने गर्छन् । समाजशास्त्री इमाइल दुर्खिम भन्छन्, 'सामाजिक संरचना समाजमा श्रमको विभाजनमा निर्भरता हुन्छन् । श्रमको विभाजनले कुनै पनि व्यक्ति एक्लै बाँच्न नसक्ने अवस्था सिर्जना गर्छ । यस्तो अवस्थामा जैविक एकता हो ।'

काठमाडौं एउटा सानो समुदाय हो । जसमा समान सामाजिक पृष्ठभूमि र जीवनका हरेक अनुभव भएका मानिसहरु छन् । एक अर्कालाई चिन्छन् तर व्यवस्था गर्छन् । कुनै न कुनै व्यक्ति समाजसँग जोडिएको हुन्छ । तिनीहरु पनि समाजको एक पक्ष हो । शहरमा सामाजिक परिवर्तन यस प्रकारको समाजमा अपेक्षाकृत भन्दा सीमित छ । त्यसैले अहिलेका नाती पुस्ताको सम्बन्ध र हजुर बुबाको सम्बन्ध एकदमै फरक छ । त्यसैले शहरी जीवन एकदमै जटिल बन्दै गइरहेका छन् । शहरी समाजमा कानुनी र कानूनी रुपमा औपचारिक सजाय जस्ता प्रविधिहरुमार्फत सामाजिक सम्बन्ध कायम गरिन्छ । ग्रामीण समाजमा सामाजिक समस्याहरु मेलमिलापको माध्यमबाट समाप्त गरेको पाइन्छ । गाउँको मानिस शहरमा आउँछन् । फरक अनुभव लिन्छन् । जुन गाउँको प्राकृतिक सम्बन्धलाई शहरीकरणले मासेको पाइन्छ ।

नेपालमा सन् १९७० को दशकदेखि शहरीकरण तिव्रतासँगै मानिस शहरतिर बसाई सराई गर्न थाले । यसका साथै चुनौतिहरु पनि थपिँदै आए । शहरमा बस्ने मानिसहरु विभिन्न समुदायबाट आएर भाडामा बस्ने, अरुले उत्पादन गरेको वस्तु उपभोग गर्ने भएकाले आफुलाई आवश्यक पर्ने वस्तु किन्यो, गयो अरुको मतलब राख्दैनन् । गाउँका मानिसहरु भने आफैं उत्पादन गर्ने, एकले अर्कोलाई सहयोग गर्ने सोधखोज गर्ने भएकाले आत्मीय सम्बन्ध समधुर हुँदै जान्छ । शहरका मानिसहरुमा यस्तो असल सम्बन्ध छैन । अपुरो सम्बन्ध छ ।

विशाल शहरको बिचमा आफुलाई राखेर हेर्दा हजारौं मानिसहरु आउँ गर्छन् । तर कसैलाई कसैको मतलब हुँदैन । बोली भाषा र पोसाकबाट सजिलै पहिचान गर्न सक्छौं । मनन् गर्न गर्छौं तर सम्बन्धलाई जोड्न सक्दैनौं । यो सबै शहरी भेष हो । अचम्मको कुरा त यो छ कि कुनै मानिससँग एक दुई पटक भेटघाट बोलीचाली गरे पनि अर्को ठाउँमा भेट हुँदा बोलचाल हुँदैन । तर मानिस चिनिन्छ । बोल्न चाहदैनन् । नजिक आउँदैनन् । नचिने जस्तो भान गर्छन् । शहरी सम्बन्धले गर्दा आफ्नै घर, परिवार, समाज र आफ्नै अघिल्लो पछिल्लो पुस्ता विचको सम्बन्ध पनि मजबुद छैन । सम्बन्धमात्र होइन । शहरमा बस्न थालेपछि आफ्नै हजुरबुबा, हजुर आमाको नाम समेत थाहा हुँदैन । यसले सामाजिक संरचनामा परिवर्तन ल्यायो । शहरीकरणले गर्दा आफ्ना आफन्त काका, काकी, दाजु, भाउजु, भाइ,दिदी,बहिनी, इष्टमित्र बिचको उठ्न बस्न पातलिँदै गएको पाइन्छ । आत्मीय भावनाको आदान-प्रदान हुँदैन । जस्तो नाता छ त्यस्तो सम्बन्ध छैन ।

शहरमा ठूलो जनसंख्या हुन्छ तर सम्बन्ध ठूलो हुन सकेन । सामाजिक सहयोग आदान प्रदान हुँदैन । नाताको सम्बन्ध पनि हुँदैन । अनि सम्बन्ध कहाँबाट पुरा हुन्छ । एकातिर शहरिकरणले सामाजिक सम्बन्ध अधुरो बनाउँछ भने अर्को तिर गरिबी हटाउने अवसरको रुपमा पनि लिइन्छ । व्यक्तिका आवश्यकता परिपूर्ति गर्ने मार्ग दशक हो शहरीकरण । शहरले नयाँ नयाँ सभ्यता सिकायो । पूराना संस्कृति र सभ्यता हराउँदै गयो । यसले व्यक्तिवादीपन बढाएको छ भने पारिबारिक सम्बन्धमा परिवर्तन आएको छ । सामुहिकता हराएको छ । दुराचार, दुर्व्यसनी, चोरी, ठगी, बेरोजगारी, आत्महत्या यौन शोषण, एकाकीपन आदिपक्षको विकास भएको छ । यस्तो सम्बन्धले परिवार समुदाय र राष्ट्रिय स्तरमा समेत प्रभाव पार्दै आएको छ । सामाजिक अन्तरक्रियाको दायरा बढ्दै गयो तर सम्बन्धमा दीगोपना हुन सकेन ।






# त्यो बालापनको दशैं, यो यौवनको दशैं





बिमला ढकाल

जसै समय बित्दै गयो, जिम्मेवारी थपिँदै र फेरिँदै गए । जन्मेको घर माइती हुने रैछ । जन्मेको थालोमा पाहुना भइने रहेछ । तर, फेरि पनि दशैं त आइ नै हाल्छ, दशैं आयो भन्नेबित्तिकै मनभरी कस्तो उत्सुक्ता बढेर आउँछ ।

जब दशैंलाई स्वागत गर्दै स्कुल बिदा हुन्छ । हामी विद्यार्थीहरु दशैं आयो भन्दै रमाउँदै घर पुग्छौं । घटस्थापनाको अघिल्लो दिन नै स्कुल जाने तनावबाट मुक्त भइन्थ्यो । दशैंको पहिलो दिन घटनाथापनाको दिन हो । चाँडै उठेर हातमुख धोएर आमाबुबाले जमरा राख्दै गरेको हर्दै मनमनै भनिन्थ्यो- दशै किनमेलका लागि बजार कहिले जाने होला ? जमरा पनि राखेर टुसाए झैं नयाँ नयाँ लुगा लगाउने मनको टुसा पनि बढ्दै हुन्थ्यो । नयाँ लुगा आउने, बजारका खानेकुरा खान पाउने बुबाआमाको जवाफ पाएपछि फुरुङ्ग भइन्थ्यो । दशैं आयो भन्दै घर लिपपोत गर्न परिवारलाई सघाइन्थ्यो । घर वरपर सफा पारिन्थ्यो । काममा सघाएपछि बुबाआमा पनि खुसी हुने । त्यही खुसीमा तिमीलाई के ल्याइदिने दशैंमा भनेर सोध्दा भित्री मनदेखि निस्किन्थ्यो 'नयाँ सट फ्रक चाहिन्छ' । नयाँ कपडा लगाएर स्कुल जान पाए हुन्थ्यो भन्ने लाग्थ्यो । अरु कपडा अरु बेलामा किनिदिहाल्नु भएको छ नि दशैंपछि नयाँ सर्ट फ्रक लगाएर स्कुल जाने हो भनिन्थ्यो ।

माग अनुसार बजारबाट कपडा ल्याइदिएपछि रमाउँदै टेलर (कपडा सिलाउने पसल) गइन्थ्यो, नापो दिन गइन्थ्यो । यसकारण पनि बालापनमा दशै नजिकिँदै गर्दा पनि मन फुरुङ्फुरुङ हुन्थ्यो । यसो उसो हुँदा हुँदै ६ दिन बिति गइहाल्छ । फुलपाति भित्राइएको हेर्न जाँदा बुबा दाइहरुले भन्नु हुन्थो- 'फुलपाति भित्राइएको हेर्न हुन्न, बत्ति बालेको हेर्न हुन्न ।' यो कस्तो संस्कार हो, छोरोले फुलपाति भित्राइएर बत्ति बाल्न हुने, छोरीले हेर्न नहुने भन्ने लाग्थ्यो । थप प्रश्न नगरी मन अमिलो बनाएर पन्छिन बाध्य भइन्थ्यो । लुकी लुकी हेर्ने प्रयास पनि कतिपय छोरीहरु गर्दथे ।

टीकाको दिन परिवारसँग रमाउँदै टीका जमरा लगाएपछि उत्पातै रमाइलो । नयाँ कपडाको बास्ना (सेन्ट) ले उस्तै खुसी तुल्याउँथ्यो । घर नजिकै हालिएको पिङ खेलिन्थ्यो ।

मामाघर जाँदा नयाँ कपडामा दाग लाग्ला कि भनेर सजग भइन्थ्यो । मामाघर जाँदा गाडी चढ्नुपर्ने, नयाँ कपडा फोहोर होला भनेर सुम्सुमाउँदै गाडी चढिन्थ्यो । बाटोमा कोइ कसैलाई सर्ट फ्रक वा सर्ट पाइन्ट (सरकारी स्कुलको ड्रेस) लगाएर रातो टीका र जमरा लगाएको देखे भने यिनिहरु पनि स्कुलको विधार्थी रहेछन् भन्ने लाग्दथ्यो । अरु कपडा लगाउनेहरु पढ्छन् या पढ्दैनन् भन्ने विषय मनमै आउँन्थ्यो ।

> **मामाघर जाँदा गाडी चढ्नुपर्ने, नयाँ कपडा फोहोर होला भनेर सुम्सुमाउँदै गाडी चढिन्थ्यो । बाटोमा कोइ कसैलाई सर्ट फ्रक वा सर्ट पाइन्ट (सरकारी स्कुलको ड्रेस) लगाएर रातो टीका र जमरा लगाएको देखे भने यिनिहरु पनि स्कुलको विधार्थी रहेछन् भन्ने लाग्दथ्यो ।**

केही समय गाडी चढिसकेपछि जंगलको बाटो पार गर्दै मामाघर पुग्नुपर्ने । बाटोमा अमला लगायतका जंगली फलफूलहरु टिपिन्थ्यो । अमला चुस्दै मामाघर पुगिन्थो । मामाले के छ भान्जी ? भनेर सोध्नु हुँदा बुबा दादाको छेकपरि लजाएर बसिन्थ्यो । मामा धेरै बुझ्ेको, धेरै बोल्ने धेरै कुरा गर्न खोज्ने हुनुहुन्थ्यो, तर म त्यति धेरै बोल्ने र बुझ्ने थिइनं किनकि म सानै थिएँ, सानोमा मैले त्यस्तै संस्कार पाएकी थिएँ । र पनि दशैं भनेसी चौपट्टै खुसी भइन्थ्यो ।

मलाई त्यो पनि सम्झना छ, नयाँ-नयाँ लुगा लगाएपछि खुसीले करेसामा गएर एक्लै रमाएको । 'नयाँ नाना हेर' भन्दै छिमेकका छोरीहरूलाई देखाउन जाँदाको बेग्लै रोमाञ्चकता थियो । अहो कस्तो अचम्मको मेरो बालापान ! सम्झँदा मात्र पनि आनन्दभूति हुने । जहिले पनि दशैंमा टीका लगाउँदा सानोको पालो अन्तिममा आउँछ । बुबा आमाले अरूलाई टीका लगाइदिँदा क-कसलाई कति दक्षिणा दिनुहुन्छ भनी आँखा ठूला बनाई-बनाई हेरेको पनि याद आउँछ ।

तर, समय फेरियो । उमेर बढ्दै गयो । सोच र मानसिकता थप विकसित हुँदै गए । दशैं उही हो । उसैगरी आउँछ हरेक वर्ष । तर त्यसको रंग फेरियो । मेरा अनुभूति बदलिए । उसो त दशैंको बिम्ब नै बदलिँदै गएका छन् । दशै आउँदा साथीहरूले लुगा किन्न जाम भन्छन् । म झसंग हुन्छु । मामाहरूको याद आउंछ । बाल्यकालकै दशैंको सम्झना आउँछ । म सोचमग्न हुन्छु । सोच्छु, के म पहिलेको जस्तै गरी अहिले धुलोमा लडिबुडी गरेको सुहाउला ? उसैगरी रोएको सुहाउला ? परिवारले स्वीकार्ला ? त्यस्तैगरी दशैंको टीका थाप्न जाने घर (मामा) कहाँ छ भनी म याद गर्दै, गीडा र खुडिकला सम्झँदै बस्दथेँ, फेरि एक्लै जान पनि मन मान्दैनथ्यो । समय सधैं उस्तै रहँदैन । परिस्थिति पनि बदलिरहन्छन् । बालापन सधैं रहँदैन । त्यो एक समय थियो, जुन स्वर्णिम थियो । जसै समय बित्दै गयो, जिम्मेवारी थपिँदै र फेरिँदै गए ।

जन्मेको घर माइती हुने रैछ । जन्मेको थालोमा पाहुना भइने रहेछ । तर, फेरि पनि दशैं त आइ नै हाल्छ, दशैं आयो भन्नेबित्तिकै मनभरी कस्तो उत्सुक्ता बढेर आउँछ । मौसम पनि त्यस्तै भइदिन्छ, खुसी पनि बढ्दै गएको हुन्छ । कस्तो बिडम्बना, म त्यस परिवार (जन्मिएको घर परिवार) बाट अलि टाढा पुगेको हुन्छु, दशैं आइरहेको हुन्छ नजिक नजिक, मेरो मनको खुसी र उत्सुकताले मन हरर भइरहेको हुन्छ ।

उस्तैगरी, यस वर्षको दशैं पनि आगनमै आइपुगेको छ । मनमा उही हर्ष छाएको छ । उत्सुकता बढेको छ । त्यो बालापन छाडेर पनि म मेरो परिवारसँग यौवनको दशैं मनाउँदै छु ।







